

# परिशिष्ट ग

# बाल विकास तालिका

### यो बाल विकास तालिका कसरी प्रयोग गर्ने

बालबालिकाको विभिन्न क्षेत्रहरूमा विकास हुन्छ । मुख्यतया शारीरिक (शरीर), मानसिक (मष्तिष्क) र संचार (हाउभाउ तथा संकेत वा कुराकानी गर्न) र सामाजिक ( विभिन्न व्यक्तिहरूसंग सम्बन्ध राख्न) विकास हुन्छ । यी क्षेत्रहरूको विकास भएपछि बच्चाले विभिन्न सीपहरू सिक्न सक्छ जस्तै जव कुनै बच्चाले ‘मलाई बोक’ भनेर हातहरू उठाउँछ भने उसले निम्न क्रियाकलापहरू गर्न सक्छ ।



- शारीरिक सीप- उसले हातहरू उठाउँछ
- मानसिक सीप - उसले तपाईंलाई चिन्छ
- संचार सीप - उसले आफूले चाहेको कुरा भन्छ
- सामाजिक सीप - उसलाई तपाईंले बोक्दा ऊ रमाउँछ

पृष्ठ १७८ देखि १८३ मा भएका तालिकाहरूले प्रायजसो बालकहरूले सिक्नसक्ने र जानिसक्नु पर्ने सीपहरू उल्लेख गरिएका छन् । यी तालिकाहरूलाई बालकहरूको कसरी विकास हुन्छ भन्ने कुराको सामान्य जानकारी लिन र तपाईंको बालकले कस्तो सीप सिक्नुपर्ने रहेछ भन्ने तपाईंलाई निर्णय लिन तपाईंहरूले उपयोग गर्न सक्नुहुन्छ ।




**तालिकाहरूले जति बालक बढ्दै जान्छ त्यति नै शारीरिक सीपहरू पनि विकास हुँदै गएको देखाँउछ ।**

### ▶ बालकले कस्तो सीप सिक्नुपर्ने रहेछ भन्ने तपाईंलाई निर्णय लिन सहयोग गर्ने

तालिकामा तपाईंको बच्चाको उमेर समूहले सिक्ने सीपबारे पढ्नुहोस् । र, तालिकामा तपाईंको बच्चाले सिकिसकेका सीपमा गोलो चिह्न लगाउनुहोस् । यसो गर्दा तपाईंका बच्चाले सो उमेरमा सिकिसक्नुपर्ने बाँकी सीप तपाईंलाई जानकारी हुन्छ ।

**यदि तपाईंको बच्चा पछि परेको रहेछ भने**

यस पुस्तकलाई एक निर्देशिकाको रुपमा प्रयोग गर्नुहोस् । यस पुस्तकका हरेक अध्यायले ती सीपहरूबारे तथा ती सीपहरू सिक्नका लागि आवश्यक प्रक्रियाकाबारे धेरै व्याख्या गर्दछ । तपाईंको बच्चाले उसका उमेरका अरु बच्चाले सिकिरहेका सीपहरूका बारेमा होइन, त्यस्तो सीप सिक्नका लागि आवश्यक पर्ने सीपहरूमाथि कामहरू गर्नु ज्यादै आवश्यक छ । बच्चा सिक्नसक्ने उमेर नपुगी तपाईंहरूले सिकाउन खोज्नु भयो भने तपाईं र तपाईंको बच्चालाई समेत हतोत्साही बनाउँछ ।




माथिको तालिकामा २० महिनाको बच्चासँग हुनुपर्ने गर्नसक्ने शिपहरूलाई गोलो चिह्न लगाइएको छ । बच्चालाई हरेक क्षेत्रमा सिक्नपर्ने शिपहरूका लागि सहयोग आवश्यक पर्छ तर उसलाई आवश्यक पर्ने सहयोग मध्ये संचारका लागि र मानसिक सहयोग ज्यादै आवश्यक पर्दछ । एउटा कलिलो बच्चाका लागि, परिवारले आधारभूत संचारवारे कार्य गर्नु पर्छ (अध्याय ४) र भाषावारे जानकारी दिन शुरु गर्नु पर्दछ ।

एउटा हुर्केको बच्चाको लागि यो माथिको चार्ट अनुसार सोही उमेरको बच्चासँग दाँज्नु पर्छ । यसले उसँगैका उमेरका साथीहरूले गर्ने काम र शिपहरूवारे एउटा विचार दिन्छ ।

यदि राम्ररी सुन्न नसक्ने बच्चाका लागि उसको संचार, मानसिक र सामाजिक शिपहरु विकास गर्न थप सहयोगको आवश्यक पर्छ । अध्याय २ र ३ ले बच्चाले भाषा कसरी सिक्छ भन्ने जानकारी दिनुका साथै हुर्कँदै गरेका बच्चासँग के कस्तो व्यवहार गर्ने सामान्य मार्ग निर्देशन दिन्छन् । संचारको शिपको विकासहरू सँगै मानसिक शिपहरू विकास हुन्छन् । यो कुरा ४, ७, ८ र ९ अध्यायले बताउँछ । अध्याय १२ ले सामाजिक अन्तरक्रिया सम्बन्धि विकास गर्नका लागि धेरै तरिकाका सुझावहरू दिएको छ ।

तलको वृत्त-तालिकाको हरेक भागले विकासको विभिन्न क्षेत्र देखाउँछ । त्यसभागमा भएका तस्वीर र शव्दहरू **तीन महिनाका** बच्चाले जानिसक्नुपर्ने सीपहरू हुन् ।




बहिरा वा श्रवणशक्ति कम भएका बच्चाले हरेक क्षेत्रका सीपहरु विकास गर्न यस पुस्तकमा भएका विभिन्न क्रियाकलापहरूले सहयोग पुऱ्याउन सक्छन् । तर वृत्ततालिकामा भएका तस्वीरहरू उदाहरणमात्र हुन् । जस्तो कि संचारको भागमा मुरली बजाइरहेको क्रियाकलाप गर्नैपर्छ भन्ने होइन, यसको मतलव के भने तपाईंको बच्चा कुनै अचानक आएको आवाज सुनेर प्रतिक्रिया गर्न सक्छ सक्दैन भन्ने हो ।

**तपाईंका बच्चाको उमेर बराबरका तपाईंका छरछिमेकका बच्चाले जानेजस्ता सीपहरू सिक्न बच्चाहरूले क्रियाकलापहरू गरेर मात्र जान्न सक्छन् भन्ने कुरालाई ध्यानमा राख्नुहोस् ।**

तलको वृत्त-तालिकाको हरेक भागले विकासको विभिन्न क्षेत्र देखाउँछ । त्यसभागमा भएका तस्वीर र शव्दहरू ६ **महिना**का बच्चाले जानिसक्नुपर्ने सीपहरू हुन् ।




बहिरा वा श्रवणशक्ति कम भएका बच्चाले हरेक क्षेत्रका सीपहरु विकास गर्न यस पुस्तकमा भएका विभिन्न क्रियाकलापहरूले सहयोग पुर्‍याउन सक्छन् । तर वृत्ततालिकामा भएका तस्वीरहरू उदाहरणमात्र हुन् । जस्तो कि शारीरिकको भागमा तपाईंको बच्चाले छिनछिने खेलाइरहेको क्रियाकलाप गर्नैपर्छ भन्ने होइन, यसको मतलव के भने तपाईंको बच्चाले हात चलाउने र खुट्टा उफार्ने गर्न सक्छ सक्दैन भन्ने हो ।

**तपाईंको बच्चाको उमेर बराबरका तपाईका छरछिमेकका बच्चाले जानेजस्ता सीपहरू सिक्न बच्चाहरूले क्रियाकलापहरू गरेर मात्र जान्न सक्छन् भन्ने कुरालाई ध्यानमा राख्नुहोस् ।**

तलको वृत्त-तालिकाको हरेक भागले विकासको विभिन्न क्षेत्र देखाउँछ। त्यसभागमा भएका तस्वीर र शव्दहरू १२ **महिना**का बच्चाले जानिसक्नुपर्ने सीपहरू हुन्।




जुन बच्चाले वृत्ततालिकामा भएका दुईवटा पनि सीप जान्दैन, उसलाई यस पुस्तकमा भएका विभिन्न क्रियाकलापहरूले सहयोग पुऱ्याउन सक्छन्। तर वृत्ततालिकामा भएका तस्वीरहरू उदाहरणमात्र हुन् । जस्तो कि वृत्त तालिकाको सामाजिक भागमा तपाईंको बच्चाले रुमाल तान्ने खेल खेल्ने क्रियाकलाप गर्नैपर्छ भन्ने होइन, यसको मतलव के भने तपाईंको बच्चाले कुनै खेल खेल्दा मज्जा मान्छ मान्दैन भन्ने हो।

**तपाईंका बच्चाको उमेर बराबरका तपाईंका छरछिमेकका बच्चाले जानेजस्ता सीपहरू सिक्न बच्चाहरूले क्रियाकलापहरू गरेर मात्र जान्न सक्छन् भन्ने कुरालाई ध्यानमा राख्नुहोस्।**

तलको वृत्त-तालिकाको हरेक भागले विकासको विभिन्न क्षेत्र देखाउँछ । त्यसभागमा भएका तस्वीर र शब्दहरू २ **वर्ष**को बच्चाले जानिसक्नुपर्ने सीपहरू हुन् ।




जुन बच्चाले वृत्ततालिकामा भएका दुईवटा पनि सीप जान्दैन, उसलाई यस पुस्तकमा भएका विभिन्न क्रियाकलापहरूले सहयोग पुऱ्याउन सक्छन् । तर वृत्ततालिकामा भएका तस्वीरहरू उदाहरणमात्र हुन् । जस्तो कि वृत्त तालिकाको मानसिक भागमा तपाईंको बच्चाले ड्रम बजाउने क्रियाकलाप गर्नैपर्छ भन्ने होइन, यसको मतलव के भने तपाईंको बच्चाले कुनै दुई सामानहरू (जस्तो गजो र ढ्याङ्ग्रो) को सम्बन्ध भएको थाहा पाउँछ पाउदैन भन्ने हो ।

**तपाईको बच्चाको उमेर बराबरका तपाईका छरछिमेकका बच्चाले जानेजस्ता सीपहरू सिक्न बच्चाहरूले क्रियाकलापहरू गरेर मात्र जान्न सक्छन् भन्ने कुरालाई ध्यानमा राख्नुहोस् ।**

तलको वृत्त-तालिकाको हरेक भागले विकासको विभिन्न क्षेत्र देखाउँछ । त्यसभागमा भएका तस्वीर र शव्दहरू ३ वर्षको बच्चाले जानिसक्नुपर्ने सीपहरू हुन् ।




जुन बच्चाले वृत्ततालिकामा भएका दुईवटा पनि सीप जान्दैन, उसलाई यस पुस्तकमा भएका विभिन्न क्रियाकलापहरूले सहयोग पुऱ्याउन सक्छन् । तर वृत्ततालिकामा भएका तस्वीरहरू उदाहरणमात्र हुन् । जस्तो कि वृत्त तालिकाको सामाजिक भागमा तपाईंको बच्चाले आँगन बढार्ने क्रियाकलाप गर्नैपर्छ भन्ने होइन, यसको मतलव के भने तपाईंको बच्चाले अरुलाई सहयोग गर्न चाख मान्छ मान्दैन भन्ने हो ।

**तपाईंको बच्चाको उमेर बराबरका तपाईंका छरछिमेकका बच्चाले जानेजस्ता सीपहरू सिक्न बच्चाहरूले क्रियाकलापहरू गरेर मात्र जान्न सक्छन् भन्ने कुरालाई ध्यानमा राख्नुहोस् ।**

तलको वृत्त-तालिकाको हरेक भागले विकासको विभिन्न क्षेत्र देखाउँछ । त्यसभागमा भएका तस्वीर र शव्दहरू **५ वर्ष**को बच्चाले जानिसक्नुपर्ने सीपहरू हुन् ।




जुन बच्चाले वृत्ततालिकामा भएका दुईवटा पनि सीप जान्दैन, उसलाई यस पुस्तकमा भएका विभिन्न क्रियाकलापहरूले सहयोग पुऱ्याउन सक्छन् । तर वृत्ततालिकामा भएका तस्वीरहरू उदाहरणमात्र हुन् । जस्तो कि वृत्त तालिकाको सामाजिक भागमा तपाइंको बच्चाले शिक्षकको कुराप्रति ध्यान दिनैपर्ने क्रियाकलाप गर्नैपर्छ भन्ने होइन, यसको मतलव के भने तपाईंको बच्चाले अरु बच्चाले मानेका नियम र अनुशासन मान्छ मान्दैन भन्ने हो ।

**तपाईंको बच्चाको उमेर बराबरका तपाईंका छरछिमेकका बच्चाले जानेजस्ता सीपहरू सिक्न बच्चाहरूले क्रियाकलापहरू गरेर मात्र जान्न सक्छन् भन्ने कुरालाई ध्यानमा राख्नुहोस् ।**